कार्यालय ...: सैनामैना नगरपालिका, रुपन्देही , सैनामैना नगरपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | BHIM PRASHAD TIWARI | २०७८-१०-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Shivalal Aryal | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | बेरुजु रकम | २३,०६५,०२८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २०,८६,९२,४८३.७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४८,४०,११,००० | चालु खर्च | ३९,७६,८१,३५३ |
| प्रदेश सरकारबाट अनुदान | ४,८६,९२,००० | पूँजीगत खर्च | ३४,०४,७३,३२६ |
| राजश्व बाँडफाँट | १७,७२,६६,७२५.६५ | वित्तीय/अन्य व्यवस्था | ४१,०३,१७,६९० |
| आन्तरिक आय | ६,१२,१३,६२०.१८ | | |
| अन्य आय | ३२,९९,६७,६०९.६९ | | |
| कुल आय | १,१०,११,५०,९५५.५२ | कुल खर्च | १,१४,८४,७२,३६९ |
| बाँकी मौज्दात | | १६,१३,७१,०७०.२२ | |



https://nam

CamScanner

परिचय

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यो नगरपालिका ८३ डिग्री १६ मिनेट ७.२६ सेकेन्ड देखि ८३डिग्री २३ मिनेट ३६.६२ सकेन्ड पूर्वी देशान्तर र २७ डग्री ३८ मिनेट उत्तरी अक्षांश देखि २७ डिग्री ४६ मिनेट ६.२ सेकेन्ड उत्तरी अक्षांस अवस्थित रहेको छ। समुन्द्री सतहवाट ३८१ फिट देखि ३१५० फिट सम्म फैलिएको र १६२.१८ वर्ग किलोमिटरमा क्षेत्रफल रहेको यस पालिका अन्तर्गत ११ वडा, ६० सभा सदस्य, र कुल जनसंख्या ५५,८२२ रहेको छ।

**एकिकृत आय-व्यय**

सैनामैना नगरपालिका एकिकृत आय-व्यय विवरण (२०७८/०७९)



https://nams.oag.gov

CS CamScanner

| सि.न | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | | 397681353.00 |
| | क) नगद | | | २ | पूँजीगत खर्च | | 340473326.00 |
| | ख) बैंक | | 157712154.71 | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | | | क) संघीय अख्तियारी भुक्तानी | | 275687563.95 |
| | क) आन्तरिक राजस्व | | 61213620.18 | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | 177266725.65 | | ग) अन्य भुक्तानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | | ४ | लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | | 129900000.00 | | ऋण लगानी | | |
| | ख) सशर्त अनुदान | | 302911000.00 | | शेयर लगानी | | |
| | ग) समपूरक अनुदान | | 24200000.00 | | अन्य लगानी | | |
| | घ) विशेष अनुदान | | 27000000.00 | ५ | धरौटी फिर्ता | | 8041152.00 |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ६ | जनश्रमदान फिर्ता | | 7300188.00 |
| | क) वित्तिय समानीकरण अनुदान | | 6148000.00 | ७ | कोष खर्च -फिर्ता_ | | 26925020.00 |
| | ख) सशर्त अनुदान | | 11544000.00 | ८ | मौज्दात | | |
| | ग) समपुरक अनुदान | | 20000000.00 | | क) बैंक मौज्दात | | 101875044.28 |
| | घ) विशेष अनुदान | | 11000000.00 | | ख) नगद मौज्दात | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | ९ | शसर्त अनुदान फिर्ता | | 94719065.00 |
| ६ | अन्य | | | १० | सामाजिक सुरक्षा कार्यक्रम फिर्ता | | 12308387.05 |
| | क) एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | | 42187000.00 | ११ | जनश्रमदान मौज्दात | | 0.00 |
| | ख) सडक बोर्ड नेपाल | | 6037423.00 | १२ | धरौट मौज्दात | | 23662887.00 |
| | ग) सामाजिक सुरक्षा कार्यक्रम | | 243563388.00 | १३ | कोष खाताको मौज्दात | | 20985317.08 |
| | घ) स्वच्छ वातावरण कार्यक्रम | | 2245563.00 | | जनश्रमदान लागत सहभागिता कोष | 5385553.99 | |
| ७ | विभिन्न कोषतर्फको आय | | 18607416.14 | | मर्मत संभार कोष | 169481.00 | |



https://nams.oag.gov

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विभिन्न कोषतर्फको अ.ल्या. | | 29704094.94 | | फोहरमैला व्यवस्थापन कोष | 2927142.00 | |
| ८ | जनसहभागिता (नगद) | | 6864458.00 | | मानव संसाधन विकास कोष | 481000.00 | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | प्रकोप व्यवस्थापन कोष | 1399979.00 | |
| १० | धरौटी आय | | 10427805.00 | | आकस्मिक कोष | 2559040.24 | |
| | धरौटी आ.ल्या | | 21276234.00 | | बारुण यन्त्र संचालन कोष | 3565507.00 | |
| ११ | लगानीको साँवा फिर्ता | | | | कर्मचारी निवृतिभरण कोष | 4497613.85 | |
| १२ | दायित्व कर दाखिला | | 34556.60 | | राजश्व कर बढी दाखिला | | 184135.86 |
| | जम्मा | | 1309843439.22 | | जम्मा | | 1309843439.22 |

कृषि विकास वैंकको वैक स्टेटमेण्ट अनुसार बैंक मौज्दात रु. ११,६५,३८,७३०.२ देखिएको र एकिकृत आय- व्यय विवरण अनुसार १०,१८,७५,०४४.२८ देखिएको । पालिकाले दिएको विवरण अनुसार २०७१/४/२३ गते कृषि विकास बैंक बाट रु. १,४६,६३,६८६ प्रदेश लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको छ ।

**सुत्र प्रणाली**

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२

म.ले.प. फारम नं. २७२

प्राप्ती भुक्तानी हिसाव



https://nams.oag.gov

CamScanner

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ८९,०४,५९,३२८.९९ | ६९,२६,७०,००९.६३ | | ६९,२६,७०,००९.६३ | ७५,१६,७३,१८२.३१ | | ७५,१६,७३,१८२.३१ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ८३,४५,४०,६२९.०० | ६८,२५,०१,७०४.६३ | ०.०० | ६८,२५,०१,७०४.६३ | ७१,७५,१०,८११.३१ | ०.०० | ७१,७५,१०,८११.३१ |
| ११००० कर | ११ | २४,२९,५०,२०६.०० | १९,८७,५५,६८९.३० | ०.०० | १९,८७,५५,६८९.३० | १८,१३,२५,७९२.५८ | ०.०० | १८,१३,२५,७९२.५८ |
| १३००० अनुदान | | ५३,३२,०३,०००.०० | ४३,७९,८३,९३५.८० | ०.०० | ४३,७९,८३,९३५.८० | ४७,१०,०९,९९९.६७ | ०.०० | ४७,१०,०९,९९९.६७ |
| संघीय सरकार | १२ | ४८,४५,११,०००.०० | ४०,३९,५५,६२१.८० | ०.०० | ४०,३९,५५,६२१.८० | ४२,३३,७५,८४३.६७ | ०.०० | ४२,३३,७५,८४३.६७ |
| प्रदेश सरकार | १२ | ४,८६,९२,०००.०० | ३,४०,२८,३१४.०० | ०.०० | ३,४०,२८,३१४.०० | ४,७६,३४,१५६.०० | ०.०० | ४,७६,३४,१५६.०० |
| १४००० अन्य राजस्व | | ५,८३,८७,४२३.०० | ४,५७,६२,०७९.५३ | ०.०० | ४,५७,६२,०७९.५३ | ६,५१,७५,०११.०६ | ०.०० | ६,५१,७५,०११.०६ |
| ख. अन्य प्राप्ति | | ५,५९,१८,६९९.९९ | १,०१,६८,३०५.०० | | १,०१,६८,३०५.०० | ३,४१,६२,३७१.०० | | ३,४१,६२,३७१.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | ५,५९,१८,६९९.९९ | ०.०० | ०.०० | ०.०० | १,८६,४९,९४०.०० | ०.०० | १,८६,४९,९४०.०० |
| धरौटी | | ०.०० | १,०१,६८,३०५.०० | ०.०० | १,०१,६८,३०५.०० | १,५५,१२,४३१.०० | ०.०० | १,५५,१२,४३१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | १,०४,०९,२७,४६३.९९ | ७८,०१,१६,५१६.०० | | ७८,०१,१६,५१६.०० | ८०,३४,५६,२४५.६९ | | ८०,३४,५६,२४५.६९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ९८,५०,०८,७६४.०० | ७३,८१,५४,६७९.०० | | ७३,८१,५४,६७९.०० | ७२,११,३०,७४९.८९ | | ७२,११,३०,७४९.८९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २३,८४,९८,२००.०० | २१,४७,९०,६३३.३० | ०.०० | २१,४७,९०,६३३.३० | १९,५२,३१,४३१.४५ | ०.०० | १९,५२,३१,४३१.४५ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २४,९९,७५,४९३.०० | १७,२०,५७,१९२.७० | ०.०० | १७,२०,५७,१९२.७० | १५,९०,४५,८२४.४४ | ०.०० | १५,९०,४५,८२४.४४ |
| २५००० सहायता (Subsidy) | १८ | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,६७,०४,०००.०० | ८८,२५,४६०.०० | ०.०० | ८८,२५,४६०.०० | १,८१,७२,६३६.०० | ०.०० | १,८१,७२,६३६.०० |
| २८००० अन्य खर्च | १८ | ३१,६२,१८०.०० | १५,०८,०६७.०० | ०.०० | १५,०८,०६७.०० | १२,४६,३२५.०० | ०.०० | १२,४६,३२५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४७,६१,६८,८९१.०० | ३४,०४,७३,३२६.०० | ०.०० | ३४,०४,७३,३२६.०० | ३४,८२,३४,५३३.०० | ०.०० | ३४,८२,३४,५३३.०० |
| घ. अन्य भूक्तानी | | ५,५९,१८,६९९.९९ | ४,१९,६१,८३७.०० | | ४,१९,६१,८३७.०० | ८०,३४,५६,२४५.६९ | | ८०,३४,५६,२४५.६९ |
| कोषहरु | | ५,५९,१८,६९९.९९ | ३,४२,१४,७४१.०० | ०.०० | ३,४२,१४,७४१.०० | ७,२४,६८,५६५.८० | ०.०० | ७,२४,६८,५६५.८० |
| धरौटी | | ०.०० | ७७,८१,६५२.०० | ०.०० | ७७,८१,६५२.०० | ६५,५८,६३६.०० | ०.०० | ६५,५८,६३६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (३४,५५६.००) | | (३४,५५६.००) | | | |



https://nams.oag

CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | (१५,०४,६८,१३५.००) | (८,७४,४६,५०६.३७) | | (८,७४,४६,५०६.३७) | (५,१७,८३,०६३.३८) | | (५,१७,८३,०६३.३८) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २२,९६,६६,७४३.९० | | २२,९६,६६,७४३.९० | २४,२४,५९,९४०.७२ | | २४,२४,५९,९४०.७२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१५,०४,६८,१३५.००) | १४,२२,२०,२३७.५३ | | १४,२२,२०,२३७.५३ | १९,०६,७६,८७७.३४ | | १९,०६,७६,८७७.३४ |
| बैंक तथा नगद बाकी | २४ | | १४,२२,१०,३७०.५३ | | १४,२२,१०,३७०.५३ | २०,४६,८८,५३१.९४ | | २०,४६,८८,५३१.९४ |

**वित्तिय विवरणको अवस्था**

1. गो.भौ.नं. ८८/ ०७९/ ३/ २५ बाट संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( पुजिंगत ) तर्फ वहाल कर रु. ७,९२० , सामाजिक सुरक्षा कर रु. २०,९९६ , अग्रीम आय कर रु. ९५,८८७ समेत जम्मा रु. १,२४,८०३ दुई पटक दाखिला हुन गएकोले सो रकम रु. १,२४,८०३ ले वढी खर्च भई बैंक मौज्दात घटी र श्रेस्ता मौज्दात वढी देखिएको छ ।
2. एकिकृत आय-व्यय (२०७८/७९) मा गत वर्षको मौज्दात रु. १५,७७,१२,१५४.७१ देखिएकोमा सुत्र १७२ को अनुसुचि १० मा संचित कोषको गत वर्षको मौज्दात रु. १५,७५,६७,३५२.४७ देखिएको रु. १,४४,८०२.२४ बैंक वाँकी कम देखिएको छ ।
3. संघीय सशर्तको निम्नानुसारको रकम सुत्र २७२ को वित्तिय प्रतिवेदन समावेश नभएकोले वित्तिय प्रतिवेदनले सहि र यथार्थ आर्थिक कारोवार चित्रित गर्दैन ।

| क्र म | स.उ.शि.नं. | कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|---|
| १ | ३७०००११६४ | एकिकृत स्वास्थ्य विकास कार्यक्रम | ४,२१,८७,००० |
| २ | ३२९००१०७४ | स्वच्छ वातावरण कार्यक्रम | २२,४५,५६३ |
| ३ | ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | २४,३५,६३,३८८ |
| | | जम्मा | २८,७९,९५,९५१ |

4. एकिकृत आय-व्ययले आ.व. को अन्तिम मौज्दात रु. १४,६५,२३,२४८.३६ देखाएकोमा सुत्रको वित्तिय प्रतिवेदनमा अन्तिम मौज्दात रु. १४,२२,१०,३७०.५३ देखिएको छ । एकिकृत आय-व्यय र सुत्रको वित्तीय प्रतिवेदनको वर्षान्तको वांकी मौज्दातमा रु. ४३,१२,८७७.८३ फरक देखिन्छ । पालिकावाट हुने सवै आम्दानी, खर्च । कोषको हिसाव सूत्र प्रणालीमा आवद्ध हुनुपर्दछ ।

५ **करार कर्मचारी**

५.१ स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा स्रोत अनुमान तथा वजेट बजेट सिमा निर्धारण समिति गठन गर्नपर्ने व्यस्था रहेको छ । उक्त दफा को ( ६ ) ( १ ) बमोजिम उक्त समितिले दफा ( १ ) बमोजिमको स्रोत अनुमान तथा वजेट निर्धारण गरी वैशाख १० गते भित्र गरिसक्नुपर्ने व्यवस्था रहेको छ र उक्त स्रोतको अनुमान प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ भित्र महाशाखा, तथा शाखा मा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाको स्रोत अनुमान तथा वजेट निर्धारण समितिले जेठ १५ गते मात्र पेश गरेको पाईयो । अतः नगरपालिकाले कानूनले तोकेको समय भित्रै वजेट निर्माण प्रकृया सम्पन्न गर्नुपर्दछ । नगरपालिकाले वजेट तर्जुमा तथा निर्माण गर्दा ध्यान दिनुपर्दछ ।

५.२ कर्मचारी करार : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४० जना कर्मचारीहरु करारमा राखि रु. १,२७,१५,४२७ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४, को दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि बगैंचा लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले दिएको विवरण अनुसार माथि उल्लेखित पद बाहेकको विभिन्न पदमा १२ जना करार नियुक्ती गरी वर्षभरी रु. ४५,०४,५०० भुक्तानी गरेको नियम संगत नभएको रु. ४,५०४,५००



https://nams.oag.gov

CamScanner

६ **चौमासिक खर्च**

चौमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च ( रु. हजारमा ) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्च तर्फ | ३४०४७३३२६ | २६०२७७७८ | ७७०३०३८९ | २३७४१५१५९ | १३१००४२५३ |
| प्रतिशत | ७०.१४ | ५.३६ | १५.८७ | ४८.९१ | २६.९९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३४०४७३३२६ निकासा भएकोमा प्रथम चौमासिकमा रु. २६०२७७७८अर्थात ५.36 प्रतिशत, दोश्रो चौमासिकमा रु. ७७०३०३८९ अर्थात १५.८७ प्रतिशत र तेश्रो चौमासिकमा रु. २३७४१५१५९ अर्थात ४८.९१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १३१००४२५३ अर्थात २६.९९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

७ **न्याय सम्पादनको स्थिती**

न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी रहेको २९ र यो बर्ष थप भएको ३८ गरी कुल ६७ विवाद दर्ता भएकोमा ८ वटा मात्र फछ्र्यौट भई ५९ विवाद फछ्र्यौट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

८ **शिक्षा तर्फ**

८.१ विधालय अनुगमन, नियमन व्यवस्था : यस नगरपालिकाले सार्वजनिक तथा निजि विधालयको अनुगमन नियमन गर्नको लागि मापदण्ड निर्धारण गरेको पाईएन । तथा नियमित रुपमा सबै विधालयको समेत अनुगमन तथा नियमन गरेको पाईएन । अतः नगरपालिकाले अनुगमन तथा नियमनको योजना, मापदण्ड बनाएर योजना बमोजिम सार्वजनिक तथा निजी विधालयको नियमन गर्नुपर्दछ ।

८.२ निजि विधालय व्यवस्थापन तर्फ : नगरपालिकाले निजि विधालयको नियमन गर्नको लागि मापदण्ड बनाएको छैन । साथै निजि विधालयको अनुगमन र नियमन समेत गरेको छैन । नगरपालिकाले निजि विधालयको शुल्क निर्धारण, शिक्षाको गुणस्तर, व्यवस्थापन लगायत पक्षको व्यवस्थापनको लागि मापदण्ड बनाएर नियमन गर्नुपर्दछ । यस तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

८.३ सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरः गाउँपालिकाले शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम भए नभएको अनुगमन गरी प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेमा शैक्षिक गुणस्तर मापनको बनाएको छैन । उक्त मापदण्ड बनाई सोको कार्यान्वियन गर्नु पर्दछ ।



https://nams.oag.go

CamScanner

९ **नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् । वजेट व्यवस्थापनतर्फ • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन आंशिक रुपमा मात्रै गर्ने गरेको । • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरे नगरेको । • दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत आवधिक योजना तयार गरेको • स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको, भ्रमण खर्च व्यवस्थापनतर्फ • नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन आंशिक रुपमा राख्ने गरेको । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरे नगरेको • सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक परीक्षणलाई आंशिक रुपमा गर्ने गरेको । शिक्षातर्फ • स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको । • शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको । • संस्थागत विद्यालयहरुको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको, • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक नगरेको , विविध तर्फ • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • म. ले. प. फाराम ८०१, ८०५,८०६ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखे नराखेको • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

१० **सदर स्याहा गर्नुपर्ने**

सदर स्याहा गर्नुपर्ने : कार्यालयले दिएको विवरण अनुसार धरौटीको बैंक मौज्दात रु. २,३६,६२,८८७ ( बैंक अनुसार ) रहेको छ । पालिकाले कानुन बमोजिम म्याद समाप्त भएको धरौटी सदरस्या गर्नुपर्दछ ।

११ **आर्थिक सहायता तथा महोत्सव अनुदान**

११.१ महोत्सव अनुदान : पालिकाले महोत्सव मा अनुदान तथा आर्थिक सहयोग गर्नको लागि कार्यविधि वनाएको पाईएन । आ.व २०७८/७९ मा थारु कल्याणकारी सभा लाई रु. २,००,००० महोत्सव कार्यक्रम संचालन गर्नको लागि अनुदान उपलब्ध गराएको छ । उक्त समितिले खर्च को विल भर्पाई पेश गरेको छ । अतः पालिकाले महोत्व तथा कार्यक्रममा अनुदान उपलब्ध गराउनको लागि कार्यविधि वनाएर अनुदान उपलब्ध गराउनुपर्दछ ।

११.२ आर्थिक सहायता : पालिकाले सैनामैना नगरपालिकाको आर्थिक सहायता वितरण कार्यविधि, २०७७ निर्माण गरी विपन्न परिवार लाई आर्थिक अवस्था हेर वढीमा १५ सम्म दिन पाउने व्यवस्था गरी आर्थिक सहायता दिन पाउने व्यवस्था रहेको छ । पालिकाले यस आ.व मा रु. १५,१८,००० आर्थिक सहायता दिएको पाईयो ।

१२ **घर नक्सा र निर्माण सम्पन्न**

घर नक्सा र निर्माण कार्य सम्पन्न सम्बन्धी विवरण : पालिकाले दिएको विवरण अनुसार यस आ.व मा पालिका वाट निम्न संख्यामा घर नक्सा र निर्माण कार्य सम्पन्न गरेको छ ।

| क्र म | घर नक्सा पासको निवेदन संख्या | अस्थायी अनुमती | कार्यसम्पन्न संख्या | | |
|---|---|---|---|---|---|
| | | | गत विगत वर्ष अनुमती दिएका मध्ये | यो वर्ष अनुमती लिएका मध्ये | जम्मा |
| १ | ८०० | ३२४ | २४५ | ४५२ | ६९७ |



https://nams.oag.gov

CamScanner

१३

**सवारी साधन खरिद**

सवारीसाधन खरिद : स्थानिय सरकार संचालन ऐन २०७४, केन्द्रिय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्दछ । अर्थ मन्त्रनालयको स्थानिय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशीका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरिक्षणको क्रममा पालिकाले दिएको विवरण अनुसार यस आ.व मा पालिका बाट निम्न बमोजिमका सवारी साधन खरिद भएको छ ।

| सि. नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटर साइकल | १ | २६३९०० |
| | | १ | ३०८००० |
| | | १ | ३०८००० |

१४

**अनुदान फिर्ता**

पालिकाले दिएको विवरण अनुसार आ.व २०७८/७९ मा खर्च गरेर बाकी रहेको रकम निम्न निकायमा फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३०२९११००० | २५२५०८८५९ | ५०४०२१४१ |
| | विषेश | २७०००००० | १२६६१२४९ | १४३३८७५१ |
| | समपुरक | २४२००००० | ८८८५५१३ | १५३१४४८७ |
| प्रदेश सरकार | शसर्त | ११५४४००० | १०६६९६१५ | ८७४३८५ |
| | विषेश | ११०००००० | ८२७०७०८ | २७२९२९२ |
| | समपुरक | २०००००००० | ८९३९९९१ | ११०६०००९ |

१५

**तलवी प्रतिवेदन पारित नभएको**

तलवि प्रतिवेदन पारित नगरेकोः निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २,७२,९२,३१९.३० खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड बापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।

१६

**कर्मचारी कल्याण कोष**

कल्याण कोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानिय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा एकमुष्ट रु. ३,००,००० ट्रान्सफर गरेको नियस संगत नदेखिएको रु.

३००,०००



CamScanner

१७

**योजना छनौट**

योजना छनौट र कार्यान्वयन : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानिय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रगतीका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले दिएको विवरण अनुसार पालिकामा योजना छनौट र कार्यान्वयनको स्थिती निम्न बमोजिम रहेको छ ।

| रु. १ लाख सम्म | रु १ लाख देखी २ लाख सम्म | रु २ लाख देखि ५ लाख सम्मका | रु ५ लाख देखि १० लाख सम्मका | रु१० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ८५ | ७४ | ७६ | ४२ | ४३ | ३२० |

१८

**क्षेत्रगत वजेट**

क्षेत्रगत वजेटको स्थिती : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण गरेर वजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वजेट निर्माण गर्दा यस तर्फ ध्यान दिएको पाईएन । नगरपालिकाले वजेट निर्माण गर्दा नेपालको दिर्घकालिन नीति, आवधिक योजना, दिगो विकासको लक्ष्य लगायत कानूनले तोकेको क्षेत्रमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले निर्माण र खर्च गरेको वजेट वजेट निम्न छ ।

| क्र.म | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६०७९४२८९ | ४०२१६५४७ | ६६.१५ |
| २ | पूर्वाधार विकास | ३२६५०७३७९ | २२५५९८२२१ | ६९.०९ |
| ३ | सामाजिक विकास | ४१९५३९१२६ | ३२८७५१०६७.८ | ७८.३६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १७९७०२०२ | १५०५८००४ | ८३.७९ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १६९३९७७६८ | १२८५३०८३९ | ७५.८८ |

१९

**पालिकाको स्वामित्वमा रहेको सार्वजनिक सम्पत्ती**

पालिकाको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) अनुसार पालिकाको जम्मा २२,९४०.९१ वर्ग मिटर र भवन १० वटा रहेको छ

| क्र म | सार्वजनिक सम्पत्ती को प्रकार | परिमाण |
|---|---|---|
| १ | ऐलानी जग्गा | १८,२५१.८७ वर्ग मिटर |
| २ | पुर्जावला जग्गा | ४,६८९.०४ वर्ग मिटर |
| ३ | भवन | १० वटा |

पालिकाले सार्वजनिक सम्पत्ती संरक्षको लागि कानून तथा मापदण्ड निर्माण गरेको पाईएन । पालिकाले अतिक्रमण भए नभको सम्वन्धमा अनुगमन गरेको पाईएन । पालिकाले सार्वजनिक सम्पत्तीको संरक्ष तथा अनुगमन गर्नको लागि कानून तथा मापदण्ड वनाई समय समयमा अनुगमन मुल्यांकन गर्दै नियम गर्नुपर्ने । अतः पालिकाले सार्वजनिक सम्पत्तीको संरक्षणमा ध्यान दिनु जरुरी छ ।



https://nams.oag.gov

CamScanner

२० **पेश्की वाकीको विवरण**

पेश्की बाँकिको विवरण: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ती तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणीत गर्न आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्यौट गर्नुपर्ने व्यवस्था रहेको छ कार्यालयले दिएको विवरण अनुसार पेश्की बाकी रु. 23469561 रहेकोमा म्याद ननाघेको पेश्की रु. 23269732 र म्याद समाप्त भएको पेशकी रु. 199829 नियम अनुसार फछ्यौट हुनुपर्ने रु. १९९,८२९

| सि.नं. | पेश्की लिनेफर्मको नाम | योजना | पेश्की रकम | फर्छौट रकम | पेश्की बाँकीरकम | म्याद ननाघेको | म्यादनाघेको |
|---|---|---|---|---|---|---|---|
| 1 | धर्म एस/आर आर जे.भि. | बोलवमधाममन्दिर निर्माण | 5560000.00 | 0.00 | 5560000.00 | 5560000.00 | |
| 2 | श्री गोरखनाथ कन्स्ट्रक्सन एण्ड मर्चेडाइजर प्रा.लि. | वडाकार्यालय भवन निर्माण | 1040000.00 | 312000.00 | 728000.00 | 728000 | |
| 3 | रेसुङ्गाकन्स्ट्रक्सन | वडाकार्यालय भवन निर्माण | 979500.00 | 655000.00 | 324500.00 | 324500 | |
| 4 | हेभनकन्स्ट्रक्सन प्रा.लि. | बसपार्कपूर्वाधार निर्माण | 2200000.00 | | 2200000.00 | 2200000 | |
| 5 | सागरकुण्ड।तुलसीभुमि जे.भि. | वडाकार्यालय भवन निर्माण | 806000.00 | | 806000.00 | 806000 | |
| 6 | अवरारनिर्माण सेवा | फुटवलरङ्गशाला निर्माण | 2322232.00 | 253000.00 | 2069232.00 | 2069232 | |
| 7 | वाइड एङ्गलनिर्माण सेवा प्रा.लि. | सडककालोपत्रे | 600000.00 | | 600000.00 | 600000 | |
| 8 | नेपालविद्युत प्राधिकरण बुटवल | बिधुत लाईनविस्तार | 199829.00 | | 199829.00 | | 199829 |
| 9 | श्याम सुन्दर । एन बी जे.भि. | १५ शैयाको अस्पताल भवन निर्माण | 19765000.00 | 8783000.00 | 10982000.00 | 10982000 | |
| जम्मा रु. | | | 33472561.00 | 10003000.00 | 23469561 | 23269732 | 199829 |

२१ **लक्ष्य प्रगती**

वार्षिक लक्ष्य तथा प्रगती : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ दफा १९ मा स्विकृत बजेट र कार्यक्रमको कार्यान्वियनमा समयतालिका तयार गरी लक्ष्य हासिल गर्नुपर्ने तथा नियमावली २०७७ नियम ३६ मा प्रगतीको समीक्षा तथा हुन नसक्नुका कारणको बारेमा जिम्मेवार व्यवक्तीलाई कारवाहीको व्यवस्था भएकोमा । यस सैनामैना नगरपालिकामा आ.व २०७८/७९ को सम्बन्धमा वार्षिक लक्ष्य तथा प्रगती प्रतिवेदन तयार गरेको पाईन । अतः पालिकाले कानुन बमोजिम वार्षिक लक्ष्य तथा प्रगती प्रतिवेदन बनाउनु पर्ने ।

२२ **कानून निर्माण र संचालनको स्थिती**

कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३७ वटा ऐन, ९ वटा नियमावली, ५० कार्यविधि र लगायत ९६ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । यस पालिकाले आवश्यक अन्य कानून निर्माण गरेको छैन् । तसर्थ, आवश्यक सबै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।



https://nams.oag.gov

CamScanner

| | | | |
|---|---|---|---|
| २३ | | | **ठे.नं. ०१।०७८-७९ को Construction of Kotiyadevi Secondary School Building** |
| २३.१ | | | ठे.नं. ०१।०७८-७९ को Construction of Kotiyadevi Secondary School Building को लागि पालिका र निर्माण व्यवसायी सुनहेरी ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. बीच कबोल अंक रु ८५,६३,६८९।८३ (मू.अ.कर समेत) को २०७८।१२।३० मा काम सम्पन्न गर्ने गरी मिति २०७८।०८।२१ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :<br><br>**क. कार्यसम्पादन जमानतको अवधि थप :** सैनामैना नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १२९ मा खरिद सम्झौताको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ । यस निर्माण कार्यको म्याद २०७८।१२।३० मा स भएकोमा यस निर्माण कार्यको म्याद मिति २०७९।०३।१५ सम्म थप भएको छ । कार्य सम्पादन जमानतको म्याद थप गरी निर्माण कार्यको अवधि थप गर्नुपर्नेमा कार्यसम्पादन जमानतको म्याद थप भएको छैन् । निर्माण व्यवसायीले म्याद थ लागि निवेदन पेश गर्दा माग भएको थप अवधि खाम्ने कार्यसम्पादन जमानत पेश गरेर मात्र म्याद थप गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । |
| २३.२ | | | ख. मू.अ.करमा नन-फाइलर : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयवाट स्थाई लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनी मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । करमा दर्ता भएका फर्महरु वार्षिक रुपमा नविकरण हुनु पर्दछ । यस निर्माण कार्यको लागि निम्नानुसार निर्माण व्यवसायी सुनहेरी ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.(मू.अ.कर दर्ता नं. ६१००१८९२१) ल भुक्तानी भएकोमा मू.अ.कर भिडान गर्दा आन्तरिक राजस्व कार्यालयमा उक्त फर्म आ.व. २०७८।७९ मा आयकर र मू.अ.करमा नन फाइलर देखिएकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.. |

| गो.भौ. र मिति | विजक नं. | भुक्तानी | मू.अ.कर थप |
|---|---|---|---|
| २०।०७८।१२।१४ | ०८।०७८।१२।१० | २५,५९,००० | २,९०,४३१ |
| ३३।०७९।०२।३१ | १२।०७९।०२।३१ | १६,८५,८५० | १,९३,८७७ |
| ८४।०७९।०३।२५ | १८।०७९।०३।२४ | २२,४४,१६६ | २,५८,१७८ |
| | | जम्मा | ७,४२,४८६ |

| | | | |
|---|---|---|---|
| २४ | | | **ठे.नं. NCB/02/077/78 Construction of Parroha Secondary School Building** |
| २४.१ | | | ठे.नं. NCB/02/077/78 Construction of Parroha Secondary School Building कार्यको लागि पालिका र निर्माण व्यवसायी के एण्ड के.जी./जय अम्बे जे.भी. वीच कबोल अंक रु २,७७,८३,५८८।१९ (मू.अ.कर समेत) को मिति २०७ १०।१५ मा काम सम्पन्न गर्ने गरी मिति २०७७।१०।२१ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :<br><br>**क. कार्यसम्पादन जमानतको अवधि थप :** सैनामैना नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १२९ मा खरिद सम्झौताको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ । यस निर्माण कार्यको म्याद २०७८।१०।१५ मा सम भएकोमा यस निर्माण कार्यको म्याद दोश्रो पटक मिति २०७९।०३।२५ को निर्णयवाट मिति २०७९।०७।३० सम्म थप भएको छ । कार्य सम्पादन जमानतको म्याद थप गरी निर्माण कार्यको अवधि थप गर्नुपर्नेमा मिति २०७९।०६।०५ अव निर्माण कार्यको अवधि थप भएको करिव ७० दिन पछी मात्र कार्यसम्पादन जमानतको २०८०।०५।०१ देखि २०८०।०७।३० सम्म म्याद थप भएको छ । निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन पेश गर्दा माग भएको थप अवधि ख कार्यसम्पादन जमानत र वीमाको पोलिसी पेश गरेर मात्र म्याद थप गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| २४.२ | | | **ख. पेश्की फर्छ्यौट :** खरिद सम्झौताको विशेष शर्तको GCC 49.3 मा पेश्की कट्टी शुरु गर्नुपर्ने अवस्था, पेश्की कट्टी गरिसक्नुपर्ने अवधि उल्लेख भएकोमा प्रत्येक रनिङ्ग बिलमा कति प्रतिशत पेश्की कट्टी गर्ने हो खरिद सम्झौताको शर्तमा उल्लेख गरेको छैन् । यसले गर्दा पालिकाबाट स्वविवेकीय तवरले पेश्की फर्छ्यौट हुने देखिन्छ । खरिद सम्झौताको विशेष शर्तमा निर्माण व्यवसायीको बिलमा पेश्की फर्छ्यौट गर्नुपर्ने प्रतिशत स्पष्ट उल्लेख गरी सोही अनुसार पेश्की फर्छ्यौट गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २४.३ | | | **ग. अद्यावधिक विवरण :** GCC को SCC 26.3 मा The period between Program updates is 30 days को व्यवस्था रहेको छ । निर्माण व्यवसायीले कार्य प्रगति अनुसार अद्यावधिक विवरण पेश गरेको देखिएन । अद्यावधिक कार्यक्रम पेश नगरी म्याद थप गर्ने कार्यमा सुधार हुनु पर्दछ । | |
| २५ | | | **लाभग्राही समुदायवाट खरिद** | |
| २५.१ | | | पूरा काम नगराई कार्य सम्पन्न : गो.भौ. ५७९।०७९।०३।२५ सैनामैना नगरपालिका सार्वजनिक खरिद नियमावली,२०७६ को नियम १३४(२) मा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :<br><br>क . यस पालिका र सामुदायिक वनमा तारवार उपभोक्ता समिति सैनामैना-५ वीच रु ५४,२६,७७५।९७ को लागतमा मिति २०७९।०२।०५ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।१०।०४ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत उपभोक्ता समितिलाई रु २१,९३,७५०।०० भुक्तानी भएको छ । यस निर्माण कार्य को कुल सम्झौता रकम रु ५४,२६,७७५।९७ रहेकोमा जम्मा रु २४,४२,१९८।३६ अर्थात ४५% काम गराई कार्यसम्पन्न तयार गरी भुक्तानी दिएको छ । उपभोक्ता समितिसँग सम्झौता गरी अधुरो काम भएको अवस्थामा जति काम सम्पन्न भयो त्यही कामको मूल्याङ्कन गरी कार्यसम्पन्न तयार गरी भुक्तानी दिने कार्य उचित भएन । खरिद सम्झौता अनुसारको सम्पूर्ण काम सम्पन्न भएपछी मात्र कार्यसम्पन्न तयार गरी भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।<br><br>ख. गो.भौ. ५६४।०७९।०३।२५ यस पालिका र वडा नं. २ सिरानटोलमा खेलमैदान स्तरोन्नति उपभोक्ता समिति वीच रु ११,१७,७१८।१५ को लागतमा मिति २०७९।०१।३० मा काम सम्पन्न गर्नेगरी मिति २०७८।१०।२६ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत उपभोक्ता समितिलाई रु ७,५४,२००।०० भुक्तानी भएको छ । यस निर्माण कार्य को कुल सम्झौता रकम रु ११,१७,७१८।१५ रहेकोमा जम्मा रु ७,५४,२००।०० अर्थात ६७.४८% काम गराई कार्यसम्पन्न तयार गरी भुक्तानी दिएको छ । उपभोक्ता समितिसँग सम्झौता गरी अधुरो काम भएको अवस्थामा जति काम सम्पन्न भयो त्यही कामको मूल्याङ्कन गरी कार्यसम्पन्न तयार गरी भुक्तानी दिने कार्य उचित भएन । खरिद सम्झौता अनुसारको सम्पूर्ण काम सम्पन्न भएपछी मात्र कार्यसम्पन्न तयार गरी भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |



https://nams.oag.gov

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| २ | | | **उपभोक्ताले विल भर्पाइ पेश गर्दा नन फाइलरको फर्मको विजक पेश भएको :** सैनामैना नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७(६) मा उपभोक्ता समितिले आफुले गरेको कामको प्राविधिक मूल्याङ्कन, विल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको वैठकवाट अनुमोदन गराई नगरपालिकामा पेश गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताले मू.अ.कर थप गरी भुक्तानी दिएको प्रमाण संलग्न रहेकोमा उक्त फर्मको कर दर्ता नं. परीक्षण गर्दा नन-फाइलर देखिएको छ । पालिकाले दर विश्लेषण गर्दा मू.अ.कर लाग्ने वस्तुमा मू.अ.कर थप गरी लागत अनुमान तयार गरेको र सोही लागत अनुमान दरमा उपभोक्तालाई भुक्तानी दिने गरेको छ । उपभोक्ताले खर्च प्रमाणित गर्ने विल भर्पाई पेश गर्दा निर्माण व्यवसायीको कर विजक संलग्न गरी भुक्तानी दिएको देखिएकोमा कर नं. परीक्षण गर्दा आयकर र मू.अ.करमा नन फाइलर भएको देखियो । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :<br><br>क. गो.भौ. ४२५।०७९।०२।३० मिलनपथ सडक नाली सहित स्तरोन्नति उपभोक्ता समितिलाई रु १५,००,०००।०० भुक्तानी भएको छ । उपभोक्ता समितिले गौतम बुद्ध सप्लायर्स (६१३६६७६५०) को विजक नं. १३०।०७९।०२।११ वाट मू.अ.कर रु ६४,०२५।०० थप गरी भुक्तानी दिएको विजक संलग्न राखेकोमा उक्त फर्म आ.व. २०७७।७८ देखि नै आयकरमा नन फाइलर देखिएको छ । भुसाल हार्डवेयर (३०३७८३५८१) को विजक नं. २४०।०७८।११।२५ वाट मू.अ.कर थप रु १२,९९४।०० ; विजक नं. विजक नं. नै उल्लेख नगरेको र मिति २०७८।१२।०६ वाट मू.अ.कर रु ३६,५८२।०० थप गरी भुक्तानी दिएको विजक संलग्न राखेकोमा उक्त फर्म आ.व. २०७८।७९ मा आयकरमा नन फाइलर देखिएको छ । उपभोक्ताले मू.अ.कर वापत थप गरी भुक्तानी दिएको रकम अपचलन हुन सक्ने देखिन्छ ।<br><br>ख. गो.भौ. ५१३।०७९।०३।२२ मुर्धनी टोल रिङ्गरोड उत्तर सडकमा पर्खाल निर्माण उपभोक्ता समितिलाई रु ८,००,०००।०० भुक्तानी भएको छ । उपभोक्ता समितिले गौतम बुद्ध सप्लायर्स (६१३६६७६५०) को विजक नं. १५०।०७९।०३।१० वाट मू.अ.कर रु ३५,१००।०० थप गरी भुक्तानी दिएको विजक संलग्न राखेकोमा उक्त फर्म आ.व. २०७७।७८ देखि नै आयकरमा नन फाइलर देखिएको छ । उपभोक्ताले मू.अ.कर वापत थप गरी भुक्तानी दिएको रकम अपचलन हुन सक्ने देखिन्छ ।<br><br>ग. गो.भौ. ५७१।०७९।०३।२५ मलमला पार्क जाने सडक निर्माण उपभोक्ता समितिलाई रु ११,७४,९७२।०० भुक्तानी भएको छ । उपभोक्ता समितिले लुम्बिनी पी.ए.सी. इण्डष्ट्रिज प्रा.लि. (३०००२८८६१) को विजक नं. ७५८।०७९।०३।१६ वाट मू.अ.कर रु ३०,२१५।२५ थप गरी भुक्तानी दिएको विजक संलग्न राखेकोमा उक्त फर्म आ.व. २०७७।७८ देखि नै आयकरमा नन फाइलर देखिएको छ । कुशुम सप्लायर्स (६१४३६५०१८) को विजक नं. १२२।०७९।०३।१५ वाट मू.अ.कर थप रु १८,२००।०० ; विजक नं. १२१। २०७९।०३।१५ वाट मू.अ.कर रु ६३,७००।००; विजक नं. १२०। २०७९।०३।१३ वाट मू.अ.कर रु ११,७००।००; विजक नं. ११९। २०७९।०३।१३ वाट मू.अ.कर रु २२,२५०।००; थप गरी भुक्तानी दिएको विजक संलग्न राखेकोमा उक्त फर्म आ.व. २०७७।७८ र २०७८।७९ मा आयकरमा र २०७८।७९ मा मू.अ.करमा नन फाइलर देखिएको छ । उपभोक्ताले मू.अ.कर वापत थप गरी भुक्तानी दिएको रकम अपचलन हुन सक्ने देखिन्छ ।<br><br>घ. गो.भौ. ६२।०७८।०८।२४ सुनगाभा भित्रि सडक स्तरउन्नती उपभोक्ता समितिलाई रु ९,९८,२२७।०० भुक्तानी भएको छ । उपभोक्ता समितिले श्री हिमाल ग्रुप निर्माण व्यवसाय उधोग (६०२५५११००) को विजक नं. १९।०७८।०७।२२ वाट मू.अ.कर रु ४९,४३१।३३ थप गरी भुक्तानी दिएको विजक संलग्न राखेकोमा उक्त फर्म आ.व. २०७८।७९ मा आयकर र मू.अ.करमा नन फाइलर देखिएको छ । उपभोक्ताले मू.अ.कर वापत थप गरी भुक्तानी दिएको रकम अपचलन हुन सक्ने देखिन्छ । | |
| २५.३ | | | **जटील प्राविधीक संरचना :** सैनामैना नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । यस कार्यलयले निर्माण कार्यको लागि चाहिने व्यवस्थापकिय ज्ञान उपकरण प्राविधिक जनशक्ती नभएका उपभोक्तालाई निर्माण कार्यको जिम्मा दिदा उपभोक्ता समितीले अन्य निर्माण व्यवसायी मार्फत कार्य गराउनुको विकल्प नभए पनी काठेपुल भएको ठाउँमा पक्की पुल निर्माण सैनामैना -७ उपभोक्ता समिति सम्झौता गरी पक्की पुल निर्माण कार्य वापत रु २९,२५,०००।०० भुक्तानी भएको छ । प्राविधक ज्ञान र सीप आवश्यक पर्ने कार्यमा व्यवसायिक फर्मवाट प्रतिष्पर्धात्मक तरिकाले गर्दा मितव्ययीता हुने तर्फ कार्यलयले ध्यान दिएको देखिएन । प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने प्रकृतिको कार्य उपभोक्ता समितिवाट गराउने कार्यमा नियन्त्रण हुनु पर्दछ । | |



https://nams.oag.gov

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २५.४ | | | **वढी भुक्तानी :** गो.भौ. ५७१।०७९।०३।२५ सैनामैना नगरपालिका सार्वजनिक खरिद नियमावली,२०७६ को नियम १०७(४) मा जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस पालिका र मलमला पार्क जाने सडक निर्माण उपभोक्ता समिति वीच मलमला पार्क जाने सडक निर्माण कार्यका लागि सम्झौता रकम रु १६,४७,५२१।३६ मा मिति २०७८।११।३० मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०८।१२ सम्झौता भएको छ । यस निर्माण कार्यको लागि उपभोक्ता समितिलाई रु ११,७४,९७२।०० भुक्तानी भएको छ । सम्झौता अनुसार उपभोक्ताले १०.०९% व्यहोर्ने व्यवस्था छ । यस कामको कुल मूल्याङ्कन रु १२,९३,५५३.६६ रहेकोमा कुल मूल्याङ्कनको ८९.९१% अर्थात रु ११,६३,०३४।०९ भुक्तानी हुनुपर्नेमा रु ११,७४,९७२।०० भुक्तानी भएकोले वढी भुक्तानी भएको रु ११,९३७।०४ सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनु पर्दछ रु.... | ११,९३७ |
| २६ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** | |
| २६.१ | | | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br>नापी किताव / कार्यसम्पन्न प्रतिवेदन : विधालय क्षेत्र विकास कार्यक्रम, कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को १.३ (ड) मा विद्यालय भवन, कक्षा कोठा, शौचालय लगायतका भौतिक निर्माण सम्वन्धी कार्यहरु सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकावाट आर्थिक बर्ष २०७८।७९ मा संघीय सशर्तवाट ५ वटा विधालयलाई आषाढ महिनामा भवन निर्माण अनुदान रु १,६२,००,०००।०० भुक्तानी दिएको छ । आर्थिक बर्ष २०७८।७९ को अन्त्यमा ५ वटा विधालयलाई अनुदान मध्ये १ वटा रामापुर माध्यमिक विधालयको काम सम्पन्न भइ वाँकी ४ विधालय निर्माण कार्य सम्पन्न भएको छैन् । ४ वटा विधालयको नापी किताव , कार्य सम्पन्न प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश भएको छ ।<br>क्र.सं. / विधालयको नाम / भुक्तानी रकम रु:<br>१ / रामापुर माध्यमिक विधालय / ३६,००,०००।००<br>२ / जनचेतना माध्यमिक विधालय / ३६,००,०००।००<br>३ / दुर्गा भवानी माध्यमिक विधालय / ३६,००,०००।००<br>४ / पशुपति माध्यमिक विधालय / ३६,००,०००।००<br>५ / सरस्वति माध्यमिक विधालय / १८,००,०००।००<br>जम्मा / १,६२,००,०००।०० | |
| २६.२ | | | क. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियाको बुँदा नं. ११ मा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहले बजेट तथा कार्यक्रम प्राप्त भए पश्चात आवश्यक प्रक्रिया पुरागरी ७ दिन भित्र विद्यालयलाई निकासा दिने र विद्यालयले प्राप्त रकम यसै आर्थिक वर्ष भित्रैमा तोकिएको कार्यमा खर्च गरी फ्रिज हुन गएमा विद्यालय नै जवाफदेही हुनु पर्ने व्यवस्था छ । यस पालिकाले माथि उल्लेखित पाँच विधालयलाई भवन निर्माणका लागि रु १,६२,००,०००।०० अनुदान दिएकोमा यही आर्थिक वर्ष भित्र कार्य सम्पन्न भएको प्रमाण पेश भएन भने रकम फ्रिज भएको समेत देखिएन । यस्तो कार्य वजेटको सिद्धान्त विपरित देखिन्छ । | |

| क्र.सं. | विधालयको नाम | भुक्तानी रकम रु |
|---|---|---|
| १ | रामापुर माध्यमिक विधालय | ३६,००,०००।०० |
| २ | जनचेतना माध्यमिक विधालय | ३६,००,०००।०० |
| ३ | दुर्गा भवानी माध्यमिक विधालय | ३६,००,०००।०० |
| ४ | पशुपति माध्यमिक विधालय | ३६,००,०००।०० |
| ५ | सरस्वति माध्यमिक विधालय | १८,००,०००।०० |
| | जम्मा | १,६२,००,०००।०० |



https://nams.oag.gov

CamScanner

**अधुरा ठेक्का**

**अधुरो निर्माण कार्य :** सैनामैना नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ७(१) मा नगरपालिकाले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ । नमुना छनौटको आधारमा लेखापरीक्षण गरिएका निम्नानुसार निर्माण कार्य आर्थिक वर्ष २०७७।७८ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा अत्यन्त न्युन प्रतिशत काम सम्पन्न भइ बाँकी काम अधुरो रहेको छ । आर्थिक वर्ष २०७८।७९ मा श्रोतको सुनिश्चितता नहुँदा कार्य अघि बढन नसकेको पालिकाले जानकारी दिएको छ । आर्थिक वर्ष २०७९।८० मा समेत उक्त आयोजनाको लागि कुनै बजेट विनियोजन भएको छैन् । उक्त निर्माण कार्यको कार्यसम्पादन जमानत र पेश्की जमानतको म्याद समाप्त भएकोमा म्याद थप समेत भएको छैन् । निर्माण कार्यको अवधि समेत थप नभई काम अधुरो रहेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा मोविलाईजेशन पेश्कीमा ब्याज लगाई असुल फर्छ्यौट गर्नुपर्ने व्यहोरा औल्याइएकोमा हालसम्म पनि पेश्कि असुल फर्छ्यौट भएको छैन् ।

| ठे.नं. | काम | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | भुक्तानी रकम | पेश्की फर्छ्यौट बाँकी |
|---|---|---|---|---|---|
| 16/077/78 | सडक कालोपत्रे | २०७८।०३।२५ | १,२४,०२,७७३ | १३,५२,२९५ | ८,६४,४५८ |
| 17/077/78 | सडक कालोपत्रे | २०७८।०३।२५ | १,२४,७७,३२५ | १५,२६,२६७ | ७,०६,४५६ |
| 15/077/78 | सडक कालोपत्रे | २०७८।०३।२५ | १,२४,२५,३३५ | २०,३९,६०६ | - |
| 14/077/78 | सडक कालोपत्रे | २०७८।०३।२५ | १,२८,०४,७१८ | ४,३९,३३२ | ६,६०,६६७ |
| 20/077/78 | सडक कालोपत्रे | २०७८।०३।२० | १,१८,९१,९७३ | ३५,६२,५५५ | - |
| | | जम्मा | ६,२०,०२,१२४ | ८९,२०,०५५ | २२,३१,५८१ |

श्रोतको सुनिश्चितता गरेर निर्माण कार्य गर्ने तर्फ पालिका संवेदनशिल हुनु पर्दछ ।

२,३२२,१६

**पूर्वनिर्धारित क्षतिपूर्ति**

**पूर्वनिर्धारित क्षतिपूर्ति :** सैनामैना नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३० मा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले नगरपालिकालाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्य दशमलब शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था रहेको छ । निम्नानुसार निर्माण कार्यको म्याद पटक पटक थप भएकोमा समेत काम सम्पन्न नभई अधुरो अवस्थामा रहेकोमा पुन : म्याद थप भएको छैन् । कार्यसम्पादन जमानतको म्याद समेत समाप्त भएको छ । आ.व. २०७८।७९ मा यस निर्माण कार्यको प्रगति शुन्य रहेको छ । म्याद थप समेत नभएको र कार्यसम्पादन जमानतको अवधि समेत समाप्त भएकोले पूर्वनिर्धारित क्षतिपूर्ति लगाई बाँकी काम सम्वन्धित निर्माण व्यवसायीवाट गराउनु पर्दछ रु...

| ठे.नं. | निर्माण व्यवसायी | काम | सम्झौता मिति | म्याद थप पछी समाप्त गर्नुपर्ने मिति | कबोल अंक (मू.अ.कर बाहेक) | १०% क्षतिपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १।०७६।७७ | न्यू जगत्रादेवी निर्माण सेवा | वडा नं. ८ को कार्यालय भवन निर्माण | २०७७।०७।१५ | २०७८।०८।२९ | ८८३८५८८ | ८८३८५८ | २ पटक म्याद थप भएको (अन्तित पटक भनी म्याद थप भएको) |
| ४।०७६।७७ | न्यू जगत्रदेवी निर्माण सेवा-आर्य कन्स्ट्रक्सन एण्ड मल्टिप्रपोज प्रा.लि. जे. भी. | Construction of Healthpost Building ward no.5 &7 | २०७६।११।२३ | २०७८।११।३० | ६५४२८०० | ६५४२८० | २ पटक म्याद थप भएको |
| ३।०७६।७७ | न्यू जगत्रदेवी निर्माण सेवा-कर्मचार्य कन्स्ट्रक्सन जे. भी. | Construction of Basic Health Center (Type 1 & 2) at Ward No. 1 & 3 | २०७६।११।२३ | २०७८।१२।३० | ७८४३२७४ | ७८४३२७ | २ पटक म्याद थप भएको |
| | | | | | जम्मा | २३,२२,९६५ | |

२९ **ठे.नं. NCB/3/2077/78 सालझण्डी ढोरपाटन वसपार्कमा कमरसियल कम्प्लेक्स निर्माण**

२९.१ ठे.नं. NCB/3/2077/78 सालझण्डी ढोरपाटन वसपार्कमा कमरसियल कम्प्लेक्स निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी धिसिङ्ग- श्रीखण्डपुर- वि.आई.एस. जे.भि वीच कबोल अंक रु ३,१०,६८,८६७.४२ (मू.अ.कर समेत) को मिति २०७८।१०।१५ मा काम सम्पन्न गर्ने गरी मिति २०७७।१०।२१ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

क. कार्यसम्पादन जमानतको अवधि थप : सैनामैना नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १२९ मा खरिद सम्झौताको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ । यस निर्माण कार्यको म्याद २०७८।१०।१५ मा समाप्त भएकोमा यस निर्माण कार्यको म्याद मिति २०७८।१०।०७ को निर्णयवाट मिति २०७८।१२।३० सम्म थप भएको छ । कार्य सम्पादन जमानतको म्याद थप गरी निर्माण कार्यको अवधि थप गर्नुपर्नेमा मिति २०७९।०१।०४ अर्थात निर्माण कार्यको अवधि थप भएको करिव ७५ दिन पछी मात्र कार्यसम्पादन जमानतको १५ अगष्ट २०२२ देखि १४ मे २०२३ सम्म म्याद थप भएको छ । निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन पेश गर्दा माग भएको थप अवधि खाम्ने कार्यसम्पादन जमानत र वीमाको पोलिसी पेश गरेर मात्र म्याद थप गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।



https://nams.oag.gov

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २९.२ | | | **ख. कार्य सम्पन्न प्रतिवेदन :** सैनामैना नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७६ को नियम १३४(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । यस पालिकाले कार्य स्वीकार प्रतिवेदन तयार नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखियो । नियमावलिको व्यवस्था बमोजिम त्रुटि सच्याउने अवधि समाप्ति भएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।<br><br>**ग. एज बिल्ट ड्रइङ्गस :** गो.भौ. ३४३।०७९।०१।०७ सैनामैना नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३४.१. मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको चौथो तथा अन्तिम बिल बापत रु ७३,७५,५२९।०० भुक्तानी भएको छ । खरिद सम्झौताको विशेष शर्तको GCC 56.1 मा एज बिल्ट नक्सा पेश गर्ने अवधि लागू नहुने उल्लेख भएको छ । सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार एज बिल्ट ड्रइङ्ग पेश गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा उल्लेख गरी एज बिल्ट ड्रइङ्ग पेश हुनुपर्दछ । भवन निर्माण सम्पन्न पश्चात एज बिल्ट ड्रइङ्गस आवश्यक नपर्ने उल्लेख गरी खरिद सम्झौता गरेको उचित भएन । खरिद सम्झौताको विशेष शर्तमा एज बिल्ट ड्रइङ्गस तयार गरी पेश गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा उल्लेख गरि एज बिल्ट ड्रइङ्गस तयार गर्नु पर्दछ । | |
| ३० | | | **कर्मचारीको स्तर वृद्धी**<br>कर्मचारीको स्तर वृद्धी : नेपालको संविधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धि अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुने तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको गठन , संचालन, व्यवस्थापन सेवाको गठन सर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने गरी स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था रहेको छ । यसैगरी लुम्बिनी प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ४१ मा संविधान यो ऐन र अन्य प्रचलित कानुन तथा आयोगले समय समयमा तोकेको कार्यविधि र शर्त पूरा नगरी कुनै कर्मचारीलाइ नियुक्ती बढुवा वा विभागिय कारबाही गरेको पाइएमा आयोगले त्यस्तो नियुक्ती बढुवा वा विभागीय कारवाहीलाइ अनियमित ठहर गर्न सक्ने व्यवस्था छ । सोही नियमावलीको नियम ४२ (३) मा प्रचलित कानुन बमोजिम आयोगले परामर्श लिनुपर्ने विषयमा आयोगको परामर्श नलिइ कुनै कारबाही भए गरेमा आयोगले त्यस्तो कारबाही बदर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सेवामा रहेका कर्मचारीको सेवा शर्त सम्बन्धि संघीय, प्रदेशिक कानुन वनिसकेको छैन जहा स्तर वृद्धीको स्पष्ट व्यवस्था रहेको छैन । पालिकाले मिति २०७८।०३।६ को निर्णय वाट कर्मचारीको बढुवा गरी पालिकाले प्रदेश लोकसेवा आयोग, लुम्बीनी प्रदेश समक्ष च.नं. ६४९२ मिति २०७९/३/२१ मा मरामर्श माग गरी च.नं. ७४२ मिति २०७९/३/२७ मा ऐन वनाउने परामर्श पेश भएको पाईयो । बढुवा गरेपछी मात्र प्रदेश लोकसेवा आयोगको परामर्श लिएको छ ।उल्लेखित कानूनको पालना नगरी आफैले निर्णय गरी स्तर वृद्धी गरी भुक्तानी दिन मिल्ने स्पष्ट कानुनी आधार नभएकोमा पालिकाले देहायको कर्मचारीहरुलाई तह वृद्धी गरी थप व्ययभार पारेकोले अनियमित देखिएको रु | ४६७,७९४.८ |



CamScanner

| सि.नं. | कर्मचारीको नामथर | साविकको पद | हालको पद | स्तर वृद्धि हुनु अगाडिको जम्मा तलब भत्ता | तलब वृद्धि भएपछिको जम्मा तलब भत्ता | फरक रकम |
|---|---|---|---|---|---|---|
| 1 | सुरज न्यौपाने | इन्जिनियर छैठौं | इन्जिनियर सातौं | 554268 | 596455.2 | 42187.2 |
| 2 | अरुण खनाल | सव इन्जिनियर | इन्जिनियर छैठौं | 434280 | 501468 | 67188 |
| 3 | रिना गिरी | सहायक पाँचौं | अधिकृत छैठौं | 446688 | 501468 | 54780 |
| 4 | सुजन भण्डारी | कम्प्यूटर अपरेटर | अधिकृत छैठौं | 446688 | 501468 | 54780 |
| 5 | चिरञ्जिवी पाण्डे | अ.सव इन्जिनियर | सव इन्जिनियर | 433210.8 | 465102 | 31891.2 |
| 6 | कृष्ण बहादुर के.सी. | सहायक लेखापाल चौथो | लेखापाल पाँचौं | 421502.4 | 451809.6 | 30307.2 |
| 7 | रमेश प्रसाद आचार्य | सहायक लेखापाल चौथो | लेखापाल पाँचौं | 421502.4 | 451809.6 | 30307.2 |
| 8 | नरेन्द्र प्रकाश ओली | अमिन | सर्भेक्षक पाँचौं | 421502.4 | 451809.6 | 30307.2 |
| 9 | जोखराज घिमिरे | सहायक चौथो | सहायक पाँचौं | 409794 | 451809.6 | 42015.6 |
| 10 | मिनाराम पन्थी | सहायक चौथो | सहायक पाँचौं | 409794 | 451809.6 | 42015.6 |
| 11 | हेमराज चौधरी | सहायक चौथो | सहायक पाँचौं | 409794 | 451809.6 | 42015.6 |

३१ **करार कर्मचारीलाई महंगी भत्ता**

करार कर्मचारीलाई महंगी भत्ता : अर्थ मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहंदरबार, काठमाण्डौं लाई पठाएको पत्र संख्या ३६५-०३/०७८/७९ च. नं. १७१९ मिति २०७९/१/२१ को पत्र अनुसार विभिन्न निकायको स्वीकृत दरवन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महंगी भत्ता उपलब्ध गराउने सम्वन्धि व्यहोरा पेश हुदा यस सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था भएको नपाईएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने मिति २०७९/०१/१५ को निर्णय अनुरोध छ भनि उल्लेख गरिएको छ । त्यस्तै सामान्य प्रशासन मन्त्रालय को जानकारी सम्बन्धमा पत्र संख्या : कानून-१८-०७३/७४ चलानी नं. २१७ मिति २०७४/01/25 अनुसार सवै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दिभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आ.व २०७४/७५ वाट लागु हुनेगरी ६ महिना करार सेवा गरेकोमा १ महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च, निजामती कर्मचारीले पाए सरह पोसाख खर्च पाउने व्यवस्था रहेको छ, करारका कर्मचारीलाई महंगी भत्ता दिन पाउने व्यवस्था रहेको पाईदैन । पालिका वाट कानूनमा उल्लेख भएको भन्दा वढी भत्ता महंगी भत्ता रु. 912000 दिएको रकम सम्बन्धित कर्मचारी वाट अशुल गर्नुपर्ने रु. ९१२,०००



https://nams.oag.gov

CamScanner

| सि नं | पद | नाम | महंगी भत्ता मासिक | वार्षिक जम्मा |
|---|---|---|---|---|
| 1 | स इन्जिनियर | प्रदीप गिरी | 2000.00 | 24000.00 |
| 2 | स. इन्जिनियर | रोमन सुवेदी | 2000.00 | 24000.00 |
| 3 | सामाजिक परिचालक पांचौ | लक्ष्मी खनाल | 2000.00 | 24000.00 |
| 4 | अ.स.ईनिजनियर | आर्जु पन्थी | 2000.00 | 24000.00 |
| 5 | अ.स.ईनिजनियर | अशोक खनाल | 2000.00 | 24000.00 |
| 6 | अ.स.ईनिजनियर | केशवराज पन्थी | 2000.00 | 24000.00 |
| 7 | अमिन | राजु प्रसाद चौधरी | 2000.00 | 24000.00 |
| 8 | सह लेखापाल | सन्तोष पन्त | 2000.00 | 24000.00 |
| 9 | सहायक क.अप्रेटर | जीवन भट्टराई | 2000.00 | 24000.00 |
| 10 | सहायक क.अप्रेटर | केशवकुमारी पोखरेल | 2000.00 | 24000.00 |
| 11 | सामाजिक परिचालक | गोमा कुमारी बस्याल | 2000.00 | 24000.00 |
| 12 | सामाजिक परिचालक | राधा अर्याल | 2000.00 | 24000.00 |
| 13 | सामाजिक परिचालक | कमला पौडेल | 2000.00 | 24000.00 |
| 14 | प्रहरी सहायक निरीक्षक | खुमलाल पोख्रेल | 2000.00 | 24000.00 |
| 15 | प्रहरी जवान | सरस्वती थापा | 2000.00 | 24000.00 |
| 16 | प्रहरी जवान | मात्रिका प्रसाद उपाध्याय | 2000.00 | 24000.00 |
| 17 | प्रहरी जवान | विजिता भाट क्षेत्री | 2000.00 | 24000.00 |
| १८ | प्रहरी जवान | प्रदिप भट्टराई | 2000.00 | 24000.00 |
| १९ | प्रहरी जवान | रिता गैरे | 2000.00 | 24000.00 |
| २० | हे.सवारी चालक | गणेश भट्टराई | 2000.00 | 24000.00 |
| २१ | हलुका सवारी चालक | कमल खत्री | 2000.00 | 24000.00 |
| २२ | हलुका सवारी चालक | खेम बहादुर श्रेष्ठ | 2000.00 | 24000.00 |



https://nams.oag.gov

CamScanner

| SN | Designation | Name | Salary | Grade | total | 20% of salary | Total Month | Yearly Contribution |
|---|---|---|---|---|---|---|---|---|
| 1 | स. इन्जिनियर | प्रदीप गिरी | 30200.00 | | 30200.00 | 6040 | 12 | 72480 |
| 2 | स. इन्जिनियर | रोमन सुवेदी | 30200.00 | | 30200.00 | 6040 | 12 | 72480 |
| 3 | सामाजिक परिचालक पांचौ | लक्ष्मी खनाल | 30200.00 | 7049.00 | 37249.00 | 7449.8 | 12 | 89397.6 |
| 4 | अ.स.ईनिजनियर | आर्जु पन्थी | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 5 | अ.स.ईनिजनियर | अशोक खनाल | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 6 | अ.स.ईनिजनियर | केशवराज पन्थी | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 7 | अमिन | राजु प्रसाद चौधरी | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 8 | सह लेखापाल | सन्तोष पन्त | 28610.00 | | 28610.00 | 5722 | 8 | 45776 |
| 9 | सहायक क.अप्रेटर | जीवन भट्टराई | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 10 | सहायक क.अप्रेटर | केशवकुमारी पोखरेल | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 11 | सामाजिक परिचालक | गोमा कुमारी बस्याल | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 12 | सामाजिक परिचालक | राधा अर्याल | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 13 | सामाजिक परिचालक | कमला पौडेल | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 14 | प्रहरी सहायक निरीक्षक | खुमलाल पोख्रेल | 28570.00 | | 28570.00 | 5714 | 12 | 68568 |
| 15 | प्रहरी जवान | सरस्वती थापा | 22680.00 | | 22680.00 | 4536 | 12 | 54432 |
| 16 | प्रहरी जवान | मात्रिका प्रसाद उपाध्याय | 22680.00 | | 22680.00 | 4536 | 12 | 54432 |
| 17 | प्रहरी जवान | विजिता भाट क्षेत्री | 22680.00 | | 22680.00 | 4536 | 12 | 54432 |
| 18 | प्रहरी जवान | कुल बहादुर रेश्मी | 22680.00 | | 22680.00 | 4536 | 10 | 45360 |
| 19 | प्रहरी जवान | प्रदिप भट्टराई | 22680.00 | | 22680.00 | 4536 | 12 | 54432 |
| 20 | प्रहरी जवान | रिता गैरे | 22680.00 | | 22680.00 | 4536 | 12 | 54432 |
| 21 | हे.सवारी चालक | गणेश भट्टराई | 25850.00 | | 25850.00 | 5170 | 12 | 62040 |
| 22 | हलुका सवारी चालक | कमल खत्री | 24010.00 | | 24010.00 | 4802 | 12 | 57624 |





CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 23 | हलुका सवारी चालक | खेम बहादुर [illegible] | [illegible] | | [illegible] | [illegible] | [illegible] | [illegible] |
| 24 | सहायक चौथो | कृष्ण प्रसाद चौधरी | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 25 | इलेक्ट्रीसियन चौथो | कमल पौडेल | 28610.00 | | 28610.00 | 5722 | 12 | 68664 |
| 26 | का.सहयोगी | सकुन्तला कुमाल | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 27 | का.सहयोगी | अन्जु पौडेल | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 28 | का.सहयोगी | रामप्रसाद शर्मा | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 29 | का।सहयोगी। | कविता राना | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 30 | का।सहयोगी। | शंकर रेग्मी | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 31 | का।सहयोगी। | तिला शर्मा चापागाई | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 32 | का।सहयोगी। | सिता भुसाल | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 33 | का।सहयोगी। | चन्द्रकला अधिकारी | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 34 | का।सहयोगी। | माया के.सी. | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 35 | का।सहयोगी। | सिता ज्ञवाली | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 36 | का।सहयोगी। | सावित्रा गिरी | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 37 | का।सहयोगी। | सुदन गौतम | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 38 | का।सहयोगी। | यमकला अर्याल | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| 39 | का।सहयोगी। | कृष्ण बहादुर थापा | 21480.00 | | 21480.00 | 4296 | 12 | 51552 |
| | | | | | | 196042 | 462 | 2320541.6 |

**कर्मचारी प्रोत्साहन**

कर्मचारी प्रोत्साहन भत्ता : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानिय सेवाको गठन, संचालन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृत लिनुपर्ने व्यवस्था छ । संघीय निजामती ऐन वनिनसकेको तथा कर्मचारीको प्रोत्साहनको वारेमा संघिय तथा प्रदेश निजामती ऐन ले नतोक्दै यस पालिका द्वारा सैनामैना नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराउने (कार्यविधि सम्बन्धी ) ऐन, २०७६ वनाई सोहि कार्यविधि अनुसार पालिकाले यो वर्ष आन्तरिक स्रोतवाट प्रोत्साहन भत्ता बापत रु. ५६,४९,४०० खर्च गरेकोले पालिकालाई थप व्यय भार परेको छ ।

https://nams.oag.gov

| | | | | |
|---|---|---|---|---|
| ३४ | | | पदाधिकारी सुविधा | |
| ३४.१ | | | पदाधिकारी तथा अन्य सुविधा : लुम्बिनि प्रदेशको प्रदेश सभाले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७६ को ३,४,५,६,७,८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानिय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विधुत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानिय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधामा रु.३८,२०,८०२.७३ टेलिफोन, मोबाईलमा रु.१८,६४,७७६.८३, पुस्तक, पत्रीका, ईन्टरनेटमा रु. १८,३६,००६.१ समन्वय तथा सहजीकरणमा रु. २१,७६,२८८.३६ अतिथि सत्कारमा रु. ९,८४,७३३.३४ खानेपानी/बिजुली/ सरसफाईमा रु. १०९,३३३.३२ र चाडवर्प खर्चमा रु. ३,१२,००० मर्मत संभार र विधुत उर्जामा रु.१०९,३३३.३३ गरी जम्मा रु. १,२०,१३,२७४.०१ खर्च भुक्तानी गरेको देखियो । | |
| ३४.२ | | | स्वकीय सचिव र सल्लाहकार : स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको कानुनी सल्लाहकार रुपमा तलब भत्ता भुक्तानी हुने गरी श्री किष्ण वस्याल लाई नियुक्त गरी मासिक रु. ३०,५०० का दरले रु. २८२,६३३.३३ र प्रेस सल्लाहकार का रुपमा तलब भुक्तानी हुने गरी टिकाराम खरेल नियुक्ती गरी मासिक रु. २५,५०० का दरले रु. २,३१,६६६ जम्मा रु. ५,१४,२९९.९९ भुक्तानी भएको नियम संगत नभएको रु. | ५१४,२९ |
| ३५ | | | **विधार्थिको लागि दिवा खाजा कार्यक्रम**<br>विधार्थिको दिवा खाजा : सामुदायिक विधालयको तोकिएको विधार्थिको लागि दिवा खाजा कार्यक्रमको लागि रु. ७७,८२,५१० खर्च भएकोमा निम्न पाईयो ।<br>1. नगद भुक्तानी : विधालय दिवा खाजा व्यवस्थापन सहयोगी पूष्तिका, २०७७ अनुसार वालवालिकाको वृद्दि, विकास र सिकाईको लागि पौष्टिक खाजा तथा खाना उपलब्ध गराउने उदेश्यले यो कार्यक्रम संचालन भएको हो । त्यस्तै उक्त पूष्तिकाको अनुसुचि १ मा विधालयले उपलब्ध गराउने खाना तथा खाजाको व्यवस्था गरेको छ र विधालयले सोही अनुसुचि भित्रका खाजा तथा खाना उपलब्ध गराउनुपर्ने व्यवस्था छ । विधालयले दिवा खाजा अन्तर्गत खाजा उपलब्ध नगराइ विधार्थिलाई नगद प्रदान गरेको भर्पाई पेश भएको छ । विधार्थिलाई नगद वितरण गर्दा विधार्थिले प्याकिङ र स्वास्थ्यमा प्रतिकुल असर पर्ने खाध्यान्न समेत प्रयोग गर्न सक्ने संभावना रहन्छ । विधालयले विधार्थिलाई नगद उपलब्ध नगराई कार्यविधिमा उल्लेख गरे अनुसारनै खाजा तथा खाना उपलब्ध गराउनु पर्दछ । विद्यालयले विधार्थिलाई नगदै रकम उपलब्ध गराएको नियम संगत नदेखिएको रु. | ७,७८२,५ |
| ३६ | | | **सामाजिक सुरक्षा कार्यक्रम** | |
| ३६.१ | | | वितरण तथा फिर्ता : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ मा भत्ता वितरणको समय मात्रै उल्लेख गरेको छ । वाकी भत्ता फिर्ताको व्यवस्था रहेको पाईदैन । यसै गरी पालिकाले बैंक सँग सम्झौता गर्दा फिर्ता समय उल्लेख गरेको पाईदैन । बैंकले मौज्दात मा रहेको रकमको व्याज सहित फिर्ता गरेको पाईदैन । पालिकाले बैक सँग सम्झौता गर्दा पालिकाबाट निकासा भएपछी १५ दिन भित्र लाभग्राहिको खातामा रकम राखिदिने र बाँकि रहेको कति दिन भित्र भित्र गर्ने उल्लेख गरेको पाईदैन । बैंकले सवै किस्ताको वितरण गरेर वाकी रहेको रकम वर्षको अन्त्यमा राजश्व खातामा दाखिला गरेको पाईयो । यदि सामाजिक सुरक्षाको ठुलै रकम खाता मा रहेर वसेको अवस्थामा सरकारलाई व्याज रकम घाटा लाग्ने हुन्छ । तसर्थ पालिकाले बैक संग सम्झौता गर्दा बैंकमा भुक्तानी दिएको दिन वाट कति दिन भित्र लाभग्राहिको खाता रकम हाल्ने, बाँकी रकम कति दिन भित्र फिर्ता गर्ने र बैंक ले कति व्याजदर दिने स्पाष्ट सम्झौता गर्नुपर्दछ । पालिकाले दिएको विवरण अनुसार बैंकले वितरण गरेर वाकी रहेको रकम र फिर्ता गरेको समय निम्नानुसार छ । | |



https://nams.[illegible].gov

CamScanner

| क्रस | बैंकको नाम | बचत | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | जम्मा |
| १ | सिटिजन्सबैक इन्टरनेशनल लि रानिबगिया | 39408 | 47497 | 37103 | -28747 | 95261 |
| २ | एनएमवि बैकलि मुर्गिया | 646761 | 68244 | 5813 | -57118 | 663700 |
| ३ | एन आई सी एशिया बैक लि मुर्गिया | -631 | 26364 | 2759 | 3741 | 32233 |
| ४ | ग्लोबलआइएमई बैक लि मुर्गिया | 306883 | 150816 | 34325 | -26860 | 465164 |
| ५ | मेगा बैकनेपाल लि सैनामैना | 1098505 | 1121425 | 1101644 | 830501.9 | 4152076 |
| ६ | सिटिजन्सबैक इन्टरनेशनल लि रामापुर | 89200 | 54058 | 30028 | 291698.6 | 464984.6 |
| ७ | नेपालक्रेडिट एण्ड कमर्स बैक लि रामापुर | 518812 | 978044 | 799130 | 1080633 | 3376619 |
| ८ | एन आई सी एशिया बैक लि सालझण्डी | 930539 | 964670 | 301511 | 101302 | 2298022 |
| ९ | कामना सेवाविकास बैक लि सालझण्डी | 212132 | 277272 | 134952 | 135971.3 | 760327.3 |
| | जम्मा | 3841609 | 3688390 | 2447265 | 2331123 | 12308387 |

३६.२ निष्क्रिय खाता संख्या र रकम सम्बन्धमा एकिन गर्नुपर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुचि १० मा बैंकले निश्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र गाउ वा नगरपालिकालाई जानकारी दिनुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले दिएको जानकारी अनुसार बैंक ले एक वर्ष सम्ममा रकम ननिकाले नगरपालिकामा फिर्ता गर्ने गरेको भनाई रहेको छ । तर बैंक वाट निस्कृय खाताको विवरण पेश भएको छैन तथा गाँउपालिकाले यस सम्बन्धमा अनुगमन गरेको पाईएन । लाभग्राहीको निष्क्रिय खाता संख्या र रकम सम्बन्धमा एकिन भएन । अत: पालिकावाट लाभग्राहिको खाताको विवरण अधावधिक सम्बन्धि समय समयमा अनुगमन गर्नुपर्दछ ।

https://nams.oag.gov

CamScanner

| क्र.स | लाभग्राहीको प्रकार | लाभग्राहीको संख्या | विनियोजित बजेट | लाभग्राहीको झुक्तानी पाएको रकम |
|---|---|---|---|---|
| 1 | जेष्ठ नागरिक (अन्य) | 12624 | 147329639 | 139947496 |
| 2 | जेष्ठ नागरिक (दलित र क्षेत्र तोकिइको) | 1845 | 14430277 | 13657866 |
| 3 | एकल महिला | 3260 | 25816710 | 24686824 |
| 4 | विधवा | 4837 | 38153693 | 36685469 |
| 5 | पूर्ण अपाङ्ग | 556 | 6620042 | 6202588 |
| 6 | अति अशक्त अपाङ्गता | 1164 | 7286875 | 7042043 |
| 7 | दलित बालवालिका | 2177 | 3311927 | 3212740 |
| 8 | लोपोन्मुख÷आदिवासी, जनजाती | 52 | 614194 | 3212740 |
| जम्मा | | 26515 | 243563387 | 232009586 |

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम : वेरोजगार युवालाई १०० दिनको रोजगार उपलब्ध गराउने उद्देश्यले संचालन भएको यो कार्यक्रमलाई संघीय सरकार वाट रु. ६१,००,००० हस्तान्तरण भएकोमा तलव र प्रशासनिक खर्च मा मात्र रु. ७,७८,२११ खर्च भएको छ । पालिकाले दिएको विवरण अनुसार वेरोजगार सुचिमा महिला १३९, पुरुष ५२ जना र अन्य ० जना गरी १९१ जना रहेका छन् । पालिकाले तलव मा रु. ८,८६,४७० र प्रशासनिक खर्चमा रु. ४,१७,०७१ खर्च भएको छ । पालिकाले वार्षिक नीति तथा कार्यक्रममा वडागत रुपमा योजना समावेश गरेको छ, तर पनि पालिकाले निर्माण तथा वेरोजगार व्यक्तिलाई रोजगार दिने कार्य गरेको छैन । पालिकाको भनाई अनुसार वेरोजगार व्यक्तीले कानुनले तोकिएको ज्याला दर (५७७) कार्य गर्न नमानेकोले वजेट खर्च गर्नु नसकिएको व्यहोरा छ । संघिय सरकार वाट वेरोजगार व्यक्तीलाई रोजगार उपलब्ध गराउने उद्देश्यले संचालन भएको यस कार्यक्रम को प्रभावकारी कार्यान्वयन गर्दै पालिकाले वेरोजगार व्यक्तिलाई कानुनले तोके बमोजिमको रोजगारी सुनिश्चित गर्नपर्दछ ।


https://nams.oag.gov
CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | २,१७,५०० गरी जम्मा रु. ४,४२,५०० अनुदान उपलब्ध गराएकोमा बोयर १०० प्रतिशत बोका रु. २८०,००० , पाठी १५ प्रति के.जी १०० का दरले जम्मा रु. ४,५०,००० र अन्य निर्माण सम्बन्धि कार्य गरेकोमा विवरण पाईएन ।<br><br>1. अनुगमन नगरी अनुदान उपलब्ध गराएको : आ.व २०७७/७८ मा स्थापना भएको बाख्रा साना व्यवसायी कृषक समुहलाई निरन्तरता स्वरुप अनुदान उपलब्ध गराउदा गाँउपालिकाले कृषक समुहले सञ्चालन गरेको कार्यक्रमको सम्बन्धमा अनुगमन मूल्यांकन गरेको पाईएन । आ.व २०७७/७८ मा स्थापना भएको कार्यक्रमको उदेश्यले अनुरुप कार्यक्रम प्रभावकारी भएको छ छैन, कृषकले अनुदान स्वरुप प्रदान गरिएका बाख्रा पालन गरेका छन् छैनन्, कुनैन । गाँउपालिकाले अनुदान उपलब्ध गराउदा अनुगमन मुल्यांकन गरेर मात्र उपलब्ध गराउनुपर्दछ ।<br>2. स्वास्थ्य परिक्षण नगरी खरिद गरेको : बाख्रा खरिद गर्नुपुर्व स्वास्थ्य परिक्षण गरेर स्वस्थ्य बाख्रा मात्र खरिद गर्नुपर्ने मा कृषकले खरिद गर्दा बाख्रा को स्वास्थ्य परिक्षण गरेर खरिद गरेको पाईएन ।<br>3. अनुगमन प्रतिवेदन : उक्त कार्यक्रम कार्यान्वन को सम्बन्धमा कार्यालय बाट अनुगमन मुल्यांकन गरी प्रतिवेदन पेश भएको पाईएन । कृषकले सम्झौता बमोजिम खरिद गरे गरेनन् एकिन गर्न सकिएन । गाँउपालिकाबाट अनुगमन गरी सम्झौता बमोजिम कार्य सम्पन्न भएको भए मात्र भुक्तानी दिनुपर्दछ । यस तर्फ गाँउपालिकाले ध्यान दिनुपर्दछ ।<br>4. विमा नभएको : प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को तालिका २ मा वितरण गरिएका पशुको विमा गर्नुपर्ने व्यवस्था रहेको छ । सहकारी समुहले उक्त बाख्राको विमा गरेको पाईएन । | |
| ३९ | | | **ढिला राजश्व दाखिला**<br>कर तथा राजश्व : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिन सम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिला गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । पालिकाले दिएको विवरण अनुसार निम्न कर्मचारीले सयमै दाखिला नगरेकोले (५ दिन भन्दा पछाडी राजश्व दाखिला गरेको ) जरिवान वापतको रकम अशुल गर्नुपर्ने रु. | ४७८,१७९.२४ |

| क्र म | कर्मचारीको नाम | पद | जरीवाना रु. |
|---|---|---|---|
| १ | कमला भण्डारी पौडेल | सहायक कर्मचारी, वडा नं.-१ | ५२०० |
| २ | धर्मराज पाण्डे | वडा सचिव, वडा नं.-२ | १,०१,४४८.५० |
| ३ | मिरा पन्थि भुसाल | सहायक कर्मचारी, वडा नं.-३ | ३,३८१.९५ |
| ४ | लक्ष्मी ज्ञवली | सहायक कर्मचारी वडा नं.-३ | १,०५६.४९ |
| ५ | कृष्ण चौधरी | सहायक कर्मचारी, वडा नं.-४ | ६,२९०.७० |
| ६ | सुलोचना ज्ञवली | वडा सचिव, वडा नं.-५ | ५७,०३०.४५ |
| ७ | राधा अर्याल | सहायक कर्मचारी वडा नं.-६ | ४२,१९२.५७ |
| ८ | जिवन भट्टाराई | सहायक कर्मचारी वडा नं.-७ | ८५,२१३.९३ |
| ९ | केशव राज पौडेल | वडा सचिव, वडा नं.-८ | ४१,३१७.१८ |
| १० | रिना गिरी | वडा सचिव, वडा नं.-९ | ५५,५८१ |
| ११ | शंकर रेम्मी | सहायक कर्मचारी वडा नं.-१० | ७१,६४९.८७ |
| १२ | सन्तोष पन्त | वडा सचिव, वडा नं.- ११ | ८,६१६.९० |
| | | जम्मा | ४,७८,९८०.८४ |

४० **आन्तरिक आय**

कर तथा शुल्क अशुली : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ती कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिती निम्नानुसार रहेको देखिन्छ ।



https://nams.oag.gov

CS CamScanner

| आय शिर्षक नम्बर | आय शिर्षकहरु | लक्ष्य | संकलन |
|---|---|---|---|
| ११११३१ | सम्पत्ति कर | 3500000.00 | 2981668.52 |
| ११३१४ | मालपोत तथा भूमिकर | 5200000.00 | 4070972.4 |
| ११३२१ | घर जग्गा बहाल कर | 3200000.00 | 4504157.17 |
| ११३२२ | बहाल विटौरी कर | 6594432.00 | 4352723.58 |
| | हाटवजार बैठकी कर | 2200000.00 | 1595950.00 |
| | सटर भाडा | 894432.00 | 650078.00 |
| | बेदर्ता जग्गमा बनेको घर र घरले चर्चेको जग्गामा लाग्ने कर | 3500000.00 | 2106695.58 |
| ११४५१ | सवारी साधन कर (साना सवारी अटोरिक्सा र ईरिक्सा) | 325000.00 | 15573.06 |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | 8500000.00 | 5763639.44 |
| | दर्ता जग्गाको भौतिक पूर्वाधार विकास शुल्क | 3500000.00 | 4628519.30 |
| | बेदर्ता जग्गाको पूर्वाधार विकास शुल्क | 5000000.00 | 1008560.14 |
| | वातावरण तथा सरसफाई शुल्क | 0.00 | 126560.00 |
| ११४७९ | अन्य मनोरञ्जन कर | 250000.00 | 305000.00 |
| | विज्ञापन कर | 250000.00 | 305000.00 |
| | अन्य मनोरञ्जन कर | 0.00 | 0.00 |
| ११६९१ | अन्य कर ( शिर्षकमा नपरेका करहरु) | 40000000.00 | 818173.04 |
| १४१२१ | वित्तिय निकायबाट प्राप्त लाभांश (नाफामूलक संघसंस्थाबाट) | 0.00 | 0.00 |
| १४१२४ | सेवामूलक निकायबाट प्राप्त लाभांश (सामाजिक संघसंस्था) | 0.00 | 0.00 |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | 3250000.00 | 472820.00 |
| १४२४२ | नक्सापास दस्तुर | 10000000.00 | 5833943.66 |
| १४२४३ | सिफारिस दस्तुर | 11000000.00 | 23198683.70 |
| १४२४४ | व्यक्तिmगत घटना दर्ता दस्तुर | 450000.00 | 641366.00 |



https://nams.oag.gov

CamScanner

| | | | |
|---|---|---|---|
| १४२४९ | [illegible]प्रमाणित दस्तुर | [illegible] | [illegible] |
| १४३१२ | अन्य आय दस्तुर | 450000.00 | 723279.75 |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | 1000000.00 | 656054.36 |
| १४५२९ | अन्य राजश्व (नदीजन्य पदार्थ) | 26000000.00 | 6314409.00 |
| १४६११ | व्यवसाय कर | 6000000.00 | 6596179.50 |
| | कुल जम्मा | 125919432.00 | 67251043.18 |

पालिकाले यस आ व मा रु 125919432 संकलन गर्ने लक्ष्य राखेकोमा रु 67251043.18 मात्रै संङ्कलन भएको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अधावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

**कार्यविधि नक्नाई कार्यक्रम संचालन**

कार्यविधि नबनाई संचालन भएका कार्यक्रम : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा स्थानिय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरीएको छ । दफा ११ (७), (८) मा स्थानिय सरकारले उक्त क्षेत्रको कार्यान्वयन गर्नको लागि ऐन, नियम, मापदण्ड तथा कार्यविधि बनाएर मात्र गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न कार्यक्रम हरु कार्यविधि तथा मापदण्ड नवनाई संचालन गरेको छ । कार्यविधि तथा मापदण्ड नवनाई कार्यक्रम संचालन गर्दा कार्यक्रममा एकरुपता नआउने तथा कार्यक्रम प्रभावकारी हुन सक्दैन । अतः पालिकाले कार्यक्रम संचालन गर्दा कार्यविधि तथा मापदण्ड वनाएर मात्रै संचालन गर्नुपर्दछ । पालिकाले कार्यविधि तथा कार्यक्रमको मापदण्ड नवनाई संचालन गरेका कार्यक्रमका केही उदाहरण निम्न बमोजिम छन् :

| क्र म | कार्यक्रम | वजेट | खर्च |
|---|---|---|---|
| १ | महिला संग उपप्रख कार्यक्रम | २०,००,००० | १८,८४,००० |
| २ | कृषक पाठशाला संचालन तथा पाठशाला अनुशरण कार्यक्रम | ११,००,००० | १०,६८,००० |
| ३ | वदेश वाट फर्केका युवालाई उधमी कृषक बन्न सहयोग गर्ने कार्यक्रम | १०,००,००० | ९,३४,००० |
| ४ | साझेदारी युवा लक्षित प्रवर्द्धन कार्यक्रम | ८,००,००० | ६,९०,००० |
| ५ | पशुपक्षीं खोप कार्यक्रम | ७,००,००० | ६,७०,००० |

https://nams.oag.gov

CamScanner

४२ **पालिकावाट सेवा प्रवाह**

सेवा प्रवाह स्थिती : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन वनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकावाट निम्नअनुसारको सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्विकृत घर नक्सा दर्ता पाश | | ६९७ |
| जन्म दर्ता | | १८७० |
| मृत्यु दर्ता | | ५१२ |
| बसाईसराई दर्ता | | १०८८ |
| विवाह दर्ता | | ९९३ |
| सम्बन्ध विच्छेद | | ७७ |
| पूर्वाधार विका सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | | 2.५७ कि.मि |
| कालोपत्रे सडक मर्मत | | १.५ कि. मि |
| ग्राभेल सडक निर्माण | | २४.५८ कि. मी |
| ग्राभेल सडक मर्मत | | १०.५ कि. मि |

४३ अनुदान फिर्ता

https://nams.oag.gov

CamScanner

[illegible] अनुपूरक अनुदान फिर्ता : प्रदेश नं. ५, समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७७ [illegible] गर्न सक्ने र बाँकी अंश स्थानिय तहले दिभिन्न ढाँचावाट व्यहोर्नु पर्ने व्यवस्था छ । कार्यविधिको (५.ज) मा कूल लागत रु ५० लाख भन्दा कमका आयोजना तथा कार्यक्रमका लागि समपूरक अनुदान उपलब्ध नहुने व्यवस्था छ । समपुरक अनुदान व्यवस्थापन कार्यविधि अनुसार पालिका र प्रदेशवाट ५०%-५०% व्यहोर्नु पर्नेमा यस पालिकाले निम्नानुसार निर्माण कार्यका लागि प्रदेश तर्फवाट वढी र पालिकावाट कम अनुपातमा खर्च व्यहोरेको छ । कार्यविधि विपरीत कुल खर्चको ५०% प्रदेश तर्फको श्रोतवाट खर्च गरी वाँकी रकम आर्थिक वर्षको अन्त्यमा प्रदेशमा फिर्ता गर्नुपर्नेमा सो नगरेको नियम सम्मत भएन रु..

४,२६६,१९०

| गो.भौ. | कार्यक्रम(ठे.नं.) | कुल खर्च | प्रदेशतर्फ वाट खर्च | वढी खर्च |
|---|---|---|---|---|
| विभिन्न | ०७।०७८।०७९ | ३९,२८,६५७ | ३९,२८,६५७ | १९,६४,३२८ |
| विभिन्न | १०।०७८।०७९ | ४६,०३,७२५ | ४६,०३,७२५ | २३,०१,८६२ |
| | जम्मा | ८५,३२,३८२ | ८५,३२,३८२ | ४२,६६,१९० |

**संघीय समपुरक अनुदान फिर्ता :** समपूरक अनुदान सम्बन्धी (तेश्रो संशोधन) कार्यविधि, २०७७ को बुदा ६(१) मा नेपाल सरकारले प्रदेश वा स्थानिय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ । ठे.नं. ०२।०७८।०७९(संघीय समपूरक) को वडा नं. ५ को वडा कार्यालय भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी श्री गोरखनाथ कन्स्ट्रक्सन र मर्केन्डाइजर प्रा.लि. वीच कबोल अंक रु ५१,८८,५७९।४४ (मू.अ.कर समेत) को मिति २०७९।०२।३१ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०९।१९ मा सम्झौता भएको छ । कार्यविधि अनुसार संघीय श्रोतवाट ५०% र नगरपालिका श्रोतवाट ५०% व्यहोर्नुपर्नेमा नगरपालिका श्रोतवाट कम भुक्तानी गरी संघीय श्रोतवाट वढी भुक्तानी दिएको छ । संघीय समपुरक अन्तर्गत संघ र पालिकाले ५०%-५०% व्यहोर्नुपर्नेमा कुल खर्च रु २७,४९,७०३।६८ को ५०% ले हुने रकम रु १३,७४,८५१।८४ पालिकाले व्यहोर्नुपर्नेमा रु १०,००,०००।०० मात्र व्यहोरेकोले कम योगदान भएको रकम रु ३,७४,८५१।८४ संघमा फिर्ता हुनुपर्दछ रु...

यस्तो कार्य वजेट सिद्धान्त विपरीत देखिन्छ ।

३७४,८५१

**घुम्तिकोष लगानी**

घुम्तिकोष लगानी : स्थानिय तहमा सामाजिक परिचालनको माध्यमवाट विपन्न तथा विकासको मूल प्रवाहबाट पछाडी परेका नागरिकहरुलाई उधमी वनाउनको लागि सौलियतपुर्ण ऋण उपलब्ध गराउनको लागि साविक जिल्ला विकास समिति मा स्थापना भई आ.व २०७४/७५ मा सैना मैना नगरपालिकामा हस्तारण भई कार्यान्वयन भएको छ । सैनामैना नगरपालिकाको स्वीकृत स्थानिय विकास कोष ( सञ्चालन कार्यविधि ) ऐन, २०७५ दफा ७ बमोजिम सामुदायिक संस्थालाई अधिकतम ८ प्रतिशत वार्षिक व्याजदर र सेवा शुल्क अधिकत १ प्रतिशत गरी जम्मा ९ प्रतिशत कायम गरी ऋण पूँजी लगानी गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले दिएको विवरण अनुसार गत वर्ष रु. ७३,२०,५१० लगानी गरेकोमा यस वर्ष व्याज वापत रु. ६,२४,९५५ गरी जम्मा रु. ७९,४५,४६५ फिर्ता भएको छ । पालिकाले यस वर्ष गरेको ऋण लगानी गरेको विवरण निम्न रहेको छ

१८७,४८६.५

https://nams.oag.gov



CamScanner

| सामुदायिक संस्थाको नाम | ठेगाना | लागत रकम |
|---|---|---|
| श्री देवी महिला सामुदायिक संस्था | वडा नं २ ,सोरौली | 400000 |
| श्री गंगानगर सामुदायिक सं[illegible]स्था | वडा नं ३ ,गंगानगर | 200000 |
| श्री महिला उत्थान सामुदायिक संस्था | वडा नं १ ,रानीबगिया | 250000 |
| श्री नवयुग पुरुष सामुदायिक संस्था | वडा नं ५, दोगारा | 288250 |
| श्री अमर सामुदायिक संस्था | वडा नं १ ,रानीकुवा | 330000 |
| श्री महिला विकास सामुदायिक संस्था | वडा नं १ ,वर्माडाँडा | 300000 |
| श्री प्रगति सामुदायिक संस्था | वडा नं १ ,वनकट्टा | 500000 |
| श्री संझना महिला सामुदायिक संस्था | वडा नं १ , रानीकुवा | 375000 |
| श्री मालिका सामुदायिक संस्था | वडा नं ३ ,गंगानगर | 500000 |
| श्री तिनाउ महिला सामुदायिक संस्था | वडा नं १,वनकट्टा | 500000 |
| श्री नवप्रगतिशिल सामुदायिक संस्था | वडा नं १,वनकट्टा | 500000 |
| श्री जनचेतना सामुदायिक संस्था | वडा नं ९, बाँसगढी | 300000 |
| श्री एकता सामुदायिक संस्था | वडा नं ५ ,बुद्धनगर | 300000 |
| श्री सृजना सामुदायिक संस्था | वडा नं २, रानीबगिया | 500000 |
| श्री चेतनसिल सामुदायिक संस्था | वडा नं १ ,वर्माडाँडा | 225000 |
| श्री लालुपाते सामुदायिक संस्था | वडा नं ९ , शंखरपुर | 7000 |
| श्री रेसुंगा सामुदायिक संस्था | वडा नं ९ , शंखरपुर | 300000 |
| श्री नमूना पुरुष सामुदायिक संस्था | वडा नं ९ बाँ[illegible]सगढी | 42260 |
| श्री वर्मा प्रगतिशिल सामुदायिक संस्था | वडा नं १ ,वर्माडाँडा | 100000 |
| श्री आर्दश सामुदायिक संस्था | वडा नं. ४ , झारबैरा | 500000 |
| श्री मिलन सामुदायिक संस्था | वडा नं ६ , कलौनी | 500000 |
| श्री नवजागृती सामुदायिक संस्था | वडा नं. ३ , गंगानगर | 100000 |

https://nams.oag.gov

CamScanner

1. कोषमा रकम ट्रान्फर नगरिएको : सैनामैना नगरपालिकाको स्वीकृत स्थानिय विकास कोष ( सञ्चालन कार्यविधि ) ऐन, २०७५ दफा ६ (८) बमोजिम स्थानिय विकास कोषमा लगानी रहेको घुम्ती कोषको परिचालनबाट प्राप्त भएको व्याजलाई सतप्रतिशत मानि सोको अधिकतम ३० प्रतिशत प्रतिशत रकम कर्मचारी कल्याण कोषमा रकम जम्मा गर्ने व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको मा कोषवाट यस आर्थिक वर्षमा रु. ६,२४,९५५ व्याज प्राप्त गरेकोमा सोको ३० प्रतिशत रु. १८७,४८६.५ कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्नेमा पालिकावाट कोषमा रकम जम्मा नगरेकोले कानून बमोजिम रकम जम्मा गर्नुपर्ने रु.

४६ अधावधिक वेरुजु

अद्यावधिक वेरुजुः पालिकाले यस वर्ष संपरिक्षणको लागी रु. २,७८,००० संपरिक्षणको लागि प्रणालीमा अनुरोध गरिएकोमा संपरीक्षण हुन वाकी रहेको छ । यस पालिकाको २०७८।७९ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ ( रु. हजारमा )

| गत वर्ष सम्मको अद्यावधिक वेरुजु | यो वर्ष संपरिक्षण गरिएको वेरुजु | यो वर्ष थप वेरुजु | संपरिक्षणवाट थप वेरुजु | जम्मा वेरुजु |
|---|---|---|---|---|
| ४७२६१ | | २३०६५ | | ७०३२६ |



https://nams.oag.gov

CamScanner